बैठक नं. ८

आ.व. २०८२/०८३

आज मिति २०८२/९/१३ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिलः

| क.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता वि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद वि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

अन्य उपस्थितिः

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | पदमराज आचार्य | उपसचिव | |
| २ | सुमनराज रेग्मी | व.लेखा अधिकृत | |
| ३ | भोलानाथ शर्मा पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | माधव प्रसाद देवकोटा | ईन्जिनियर | |
| ५ | विवेक पोखरेल | ईन्जिनियर | |
| ६ | रवि थनेत | सूचना प्रविधि अधिकृत | |
| ७ | विकास नरसिंह राणा | स. प्रशासकीय अधिकृत | |
| ८ | जयसोर भुसाल | सि.अ.हे.व. छैठौं | |
| ९ | प्रेम वहादुर सारु | वरिष्ठ प्रशासन सहायक | |
| १० | त्रिवेणी प्रसाद थापा | अधिकृत छैठौं | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |

आठौं कार्यपालिका वैठक

आ.व.२०८२/०८३

मितिः२०८२/९/१३

समयः दिउसो ३.०० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्वन्धमा।
२. आ. व. २०८२/८३ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव सम्वन्धमा।
३. स्थानीय संस्था दर्ता ऐन, २०८० को पहिलो संशोधन सम्वन्धमा।
४. मध्यविन्दु सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको समुद्घाटन सम्वन्धमा।
५. घरघरमा नागरिक सूचना तथा सन्देश प्रणालीको संकलित तथ्याङ्क र सो सँग सम्बन्धित सफ्टवयरको स्वीकृति सम्वन्धमा।
६. रजिष्ट्रेशन छुट सम्बन्धमा।
७. बजेट विनियोजन तथा रकम भुक्तानी सम्वन्धमा।
८. दमार खानेपानी सम्वन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।

२. सत्रौं नगरसभावाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयनमा द्विविधा भएका एवम् दोहोरो परेका आयोजना तथा कार्यक्रमहरु संशोधन एवम् शिर्षकान्तर गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस भई आएको सूचि नगरसभामा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

३. मध्यविन्दु नगरपालिकाको स्थानीय संस्था दर्ता ऐन, २०८० को पहिलो संशोधन विधेयक नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. मध्यविन्दु सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको समुद्घाटन नगर प्रमुख भिमलाल अधिकारीबाट मितिं २०८२ पौष १४ गते पुस्तकालय प्राङ्गमा गर्ने।

५. नगरपालिकाको चालु आ. व. को स्वीकृत वार्षिक कार्यक्रममा रहेको घरघरमा नागरिक सूचना तथा सन्देश प्रणालीको लागि विनियोजित रकमबाट कार्यक्रम सञ्चालनका लागि मिति २०८२/४/८ मा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी पेश भएका प्रस्तावहरुमध्ये सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएको श्री मोडटेक नेटवर्क्स संग मिति २०८२/५/३ मा सम्झौता भई कार्यादेश बमोजिमको काम सम्पन्न गरी संकलन भएको तथ्याङ्क र सो सँग सम्बन्धित सफ्टवयर सम्बन्धमा मोडटेक नेटवर्क्सबाट प्रस्तुतीकरण भयो। साथै मोडटेक नेटवर्क्सबाट तयार भएको सफ्टवयर र संकलित तथ्याङ्कलाई स्वीकृत गरी उक्त फर्मलाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने।

६. मध्यविन्दु नगरपालिका वडा नं. ३ मा रहेको एफसिआरसी हाई क्वालिटी मिट इन्डष्ट्रीज प्रा. लि. ले कृषि प्रयोजनका लागि कम्पनीको नाममा खरिद गर्न लागेको देहायका जग्गाको गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूचि १ मा रहेको घरजग्गा तथा लिखत रजिष्ट्रेशन शुल्क सेवा शुल्क र रोक्का दस्तुरको क्रम संख्या घ. विविधको बुदाँ नं. ३ बमोजिम लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट दिने।

देहायः

| क्र.सं. | जग्गाधनीको नामथर | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रभा देवी श्रेष्ठ | म.न.पा. ३, साविक कोल्हुवा ८ (ख) | ६०५ | ०-१९-१३-० | |
| २ | प्रभा देवी श्रेष्ठ | म.न.पा. ३ साविक कोल्हुवा ८ (ख) | ११४१ | ०-६-०-० | |
| ३ | हरिमाया उपाध्याय | म.न.पा. ३ साविक कोल्हुवा ८ (ख) | ११४५ | ०-५-०-० | |

७. तपसिलका उल्लेखित शिर्षकबाट देहायका कार्यक्रम/ आयोजनाहरुमा बजेट विनियोजन तथा खर्च रकम अनुमोदन गर्ने।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | रकम रु | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | चोरमारा बजार क्षेत्रका फुटपाथमा प्लाष्टर रंगरोगन र साइड ड्रेन निर्माण | ७ | २१६,०००।- | पूर्वाधार मर्मत सम्भार |
| २ | नगर अस्पताल अगाडि खुसी पार्कमा ग्रावेल फिलिङ्ग, अपलोडिङ्ग र ढुवानी गर्ने काम | ७ | ३३८,४०४।- | |
| ३ | वडा नं ८ को पोल स्थानान्तरण | ८ | ५७७,२०८।३८ | विद्युत विस्तार |
| ४ | शिव मा.वि कावासोती अनुदान | | १००,०००।- | संस्थागत अनुदान |
| ५ | नगर अस्पताल कम्पाउण्ड भित्र बोटविरुवा लगाउने काम | ७ | १००००० ।- | कार्यालय संरचना मर्मत सम्भार |
| ६ | मडेरी नाच संरक्षण तथा सम्बर्द्धन | ३ | १००,००० ।- | संस्कृति प्रवर्द्धन |

८. नगर कार्यपालिकाको मिति २०८२/३/६ र २०८२/३/१० को नगरसभा बैठकबाट दमार खानेपानी आयोजनाको सम्बन्धमा भएको निर्णय बमोजिम पूर्व सम्भावयता अध्ययन गर्ने कार्य सम्पन्न भई मिति २०८२/६/८ मा अध्ययन प्रतिवेदन प्राप्त भएको देखिन्छ। उक्त प्रतिवेदनको निष्कर्ष तथा सुझाव खण्डमा पहिचान गरिएको नयाँ खानेपानी मुहान Technically suitable र आयोजना Technically feasible रहेको निस्कर्ष प्राप्त भएको छ।

सोही अध्ययन प्रतिवेदनलाई आधार मानी द्वारदह, दमार, स्कुल टाँडी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको नाममा आरेन गैरा मुहान नियमानुसार थप मुहानको रुपमा मिति २०८२/९/१३ मा दर्ता भएको देखिन्छ। अतः पूर्व सम्भावयता अध्ययन प्रतिवेदनले सम्भाव्य देखिएको नयाँ मुहान आरेन गैराबाट खानेपानी ल्याउनको लागि विस्तृत अध्ययन प्रतिवेदन अध्यावधिक (DPR Revised) गर्ने।